जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४३ अंक ३७ २०८२ साल वैशाख २१ गते आइतवार (4 May 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र –* **पृष्ठ २ मा :** विभिन्न ८ बुंदे माग ... **पृष्ठ ३ मा :** विश्व प्रेस स्वतन्त्रता दिवस ... **पृष्ठ ४ मा :** किन हुन्छ पाइल्स, ... **पृष्ठ ५ मा :** थाइल्यान्डमा एक सशस्त्र ...

## संचारकर्मीहरुको सुरक्षा तथा स्वतन्त्र रुपमा लेख्न पाउनु पर्ने अधिकारलाई राज्यले सुनिश्चित गर्नुपर्नेमा जोड




**राजविराज**/विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासंघ सप्तरी शाखाले शनिबार अन्तरक्रिया कार्यक्रम आयोजना गरी दिवस मनाएको छ ।

महासंघको सभाहलमा आयोजित कार्यक्रम वक्ताहरूले पत्रकार तथा मिडिया हाउसहरूप्रति भइरहेका हमलाहरूलाई गम्भीर रूपमा लिनुपर्नेमा जोड दिए ।

महासंघका पूर्व अध्यक्ष विष्णु मण्डलले "जबसम्म पत्रकारहरू स्वतन्त्र हुँदैनन्, तबसम्म प्रेस स्वतन्त्रता सुनिश्चित हुँदैन," भन्दै पत्रकारहरूको स्वतन्त्रता नै लोकतन्त्रको मेरुदण्ड भएको बताए ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजु विश्वकर्माले राज्यले पत्रकारहरूको सुरक्षाको ग्यारेन्टी गर्नुको सट्टा कतिपय अवस्थामा दोषीमाथि कारबाही समेत नगर्ने अवस्थाले प्रेस स्वतन्त्रता संकटमा परेको बताए ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहालले स्थानीय स्तरमा पत्रकारहरूलाई अराजक समूहबाट धम्की दिने घटना बढिरहेको उल्लेख गर्दै पत्रकारिता गर्दा चुनौतीहरूको सामना गर्नुपरेको बताए ।

महासंघ सप्तरीका अध्यक्ष श्रवण देवको अध्यक्षतामा आयोजित अन्तरक्रियामा जिलला समन्वय समितिका सभापति शिवनारायण साह, प्रेस युनियन सप्तरीका अध्यक्ष बिनयलाल कर्ण, प्रेस चौतारीकी उपाध्यक्ष नानुमैया कटुवाल, प्रेस सेन्टरका अध्यक्ष बिन्दु कुमार यादव, प्रेस मञ्चका अध्यक्ष धर्मपाल राउत, पूर्वअध्यक्षहरु बैजनाथ झा, मुरली प्रसाद यादव, धिरेन्द्र प्रसाद साहलगायतका वक्ताहरुले अहिलेको संचारकर्मीहरुको सुरक्षा तथा स्वतन्त्र रुपमा लेख्न पाउनु पर्ने अधिकारलाई राज्यले सुनिश्चित गर्नुपर्नेमा जोड दिएका थिए ।

विश्व प्रेस स्वतन्त्रता दिवस हरेक वर्ष मे ३ मा मनाइन्छ । सन् १९९१ मा नामिबियाको विन्डहोकमा भएको घोषणापत्रको सम्झनामा सन् १९९३ देखि युनेस्कोको प्रस्तावअनुसार विश्वभर दिवस मनाउन थालिएको हो ।

## मन्दिरमा चोरी गर्ने दुई जना पक्राउ



**राजविराज**/राजविराज ठ हटियास्थित श्री लक्ष्मी नारायण राधाकृष्ण मन्दिरमा चोरी गर्न पल्केका तथा मूलपुजारीलाई दुर्व्यबहार गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा राजविराज नगरपालिका ५ बस्ने २४ वर्षिय बिशाल दास र वडा नं. ६ बस्ने १८ वर्षिय राहुल मेहतर छन् । दुबै जनालाई मन्दिर समितिका पदाधिकारी र स्थानीयवासीको सहयोगमा प्रहरीले शनिबार घरबाटै पक्राउ गरेको हो ।

उनीहरु गत चैत २६ गते र बैशाख १० गते उक्त मन्दिरमा भएको चोरी तथा मूलपुजारी झामाथी भएको दुर्व्यहारमा संलग्न रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

उक्त मन्दिरमा गत चैत २६ गते दानपेटिका तथा इस्कन राजविराजद्वारा संचालित पुस्तक पसल काउन्टरको ताल्चा फुटाएर हजारौं रकम चोरी भएको थियो । त्यसको दुई साता नबित्दै बैशाख १० गते पुनः मन्दिरको दानपेटिका र पुस्तक काउन्टरको ताल्चा फुटाएर दोश्रो पटक हजारौं रकम चोरी भएको थियो ।

उक्त चोरी घटनामा उनीहरुको संलग्नता सँगै आफूमाथी उनीहरुबाट दुर्व्यहार समेत भएको भन्दै मूलपुजारी झा प्रहरीमा पुगेका थिए । पक्राउ परेकाहरुलाई हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## प्रेस स्वतन्त्रता हनन्का ७६ घटना

**काठमाडौं**/पछिल्लो एक वर्षमा प्रेस स्वतन्त्रता हनन् सम्बन्धी ७३ वटा घटना भएका छन् । नेपाल पत्रकार महासङ्घ, सञ्चार अनुगमन इकाइका अनुसार सन् २०२४ मे ४ देखि २०२५ अप्रिल ३० सम्ममा भएका ७३ वटा घटनामा १५१ पत्रकार र पाँच वटा सञ्चार संस्था आक्रमणमा परेका छन् ।

महासङ्घका अनुसार उक्त अवधिमा दुई जना पत्रकारको हत्या भएको महासचिव रामप्रसाद दाहालले जानकारी दिएका छन् । यस्तै, पेशागत असुरक्षाका १६ वटा घटना अभिलेख भएका छन् ।

***बाँकी अन्तिम पृष्ठमा***

## सहकारी संस्थामा लाखौंको चोरी



**राजविराज**/सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ४ बेल्हास्थित अमसोत सामुदायिक कृषि सहकारी संस्था लि. मा शुक्रबार राती लाखौं मुल्य बराबरको चोरी भएको छ ।

चोरले संस्था कार्यालयको मूल ढोकासहित कार्यालय कोठा र दराजका गरि ६ वटा ताल्चा फोडेर नगद र सीसी क्यामराको डिभाइस बक्स गरि ३ लाख भन्दा बढीको सम्पत्ति चोरेर लगेका छन् ।

कार्यालयमा कोही नभएको मौका छोपी मध्यरातमा चोरहरुले ताल्चा फुटाई ३ लाख १८ हजार २ सय ९५ रुँपैया नगद तथा सीसी क्यामराको डिभाइस चोरेर लगेको संस्थाकी अध्यक्ष सुमित्रा देवी चौधरीले [redacted]ार्यालय सहयोगि कृष्णाकुमारी चौधरीले शनिबार बिहान सरसफाईका लागि आउँदा मात्र चोरी भएको थाहा पाएको बताईन् । त्यसपछी उनले संस्थाकी अध्यक्ष चौधरी र व्यवस्थापक रामी यादवलाई फोन गरेर जानकारी गराएकी थिइन् ।

चोरी घटनाको खबर पाए लगत्तै इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेको नेतृत्वमा पुगेको टोलीले चोरी घटनाको अनुसन्धान सुरु गरेको जनाएको छ ।

प्रहरी नायब उपरिक्षक काफ्लेले संस्थाका कर्मचारीहरुसँग आवश्यक सोधपुछ तथा घटना स्थलको निरिक्षण पश्चात् चोरी कार्यमा संलग्न अपराधीको खोजिकार्य तिब्र बनाइएको जानकारी दिए ।

**मजदुरको हकहित संरक्षण गरौं**

- श्रमिकका लागि स्वस्थ, सुरक्षित र मर्यादित कार्य बातावरणको निर्माण गरौं,
- दक्ष श्रमशक्तिको विकास र सदुपयोग गरी उत्पादकत्व बढाऔं,
- असल औद्योगिक श्रम सम्बन्ध कायम गरौं, व्यवस्थापनमा श्रमिकको सहभागिता सुनिश्चित गरौं,
- स्वदेशी तथा बिदेशी श्रम बजारको मागअनुरूप दक्ष एवं प्रतिस्पर्धी जनशक्ति तयार गरौं,
- बालश्रमलगायतका श्रम शोषणका सबै रुपको अन्त्य गरौं,
- मजदुरका लागि स्वास्थ्य बीमा, दुर्घटना बीमा, पेन्सनलगायत अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरु लागु गरौं ।

सामाजिक सुरक्षासहितको रोजगार, हामी सबैको सरोकार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### जनप्रतिनिधिले गर्दा राजविराज हटियाको मौलिकता हरायो

राजविराज केवल एक योजनाबद्ध नगर मात्र होइन, यो ऐतिहासिक, सांस्कृतिक र व्यापारिक दृष्टिले समेत अत्यन्तै महत्वपूर्ण स्थान हो । यस नगरको मुटु मानिने 'राजविराज हटिया' दशकौंदेखि तराईको व्यापारिक केन्द्रका रूपमा स्थापित रहँदै आएको छ । तर, पछिल्लो समय यस हटियाको मौलिक पहिचान ओझेलमा परेको छ । जनप्रतिनिधिहरुको दुरगामी सोचको अभावमा हटियामा निर्माण भइरहेको व्यापारीक पक्की घरका कारण यसको मौलिकता हराएको हो ।

नुनदेखी सुनसम्म पाउने यस हटियालाई आधुनिकीकरण गर्ने नाउँमा सबै थोक तित्तर बित्तर भएको छ । जन्म, विवाह, व्रतबन्द, मृत्यु भएकोमा चाहिने सम्पूर्ण पूजा तथा किरियाका सामाग्रिहरु पाइने यस हटिया अहिले उजाड देखिन्छ । हटिया कुनै बेला स्थानीय उत्पादन, हस्तकलाका सामान, मौलिक परिकार र पारम्परिक जीवनशैली झल्किने प्रमुख बजार थियो । माटाका भाडाकुडा, दुध, दाउरा, बाँसका सामाग्रि समेत पाउने यस हटियाको मौलिकता हराएको छ ।

राजविराज हटियालाई फेरि आफ्नो मौलिक पहिचान फर्काउन ठोस कदम चाल्नु जरुरी भइसकेको छ । यस हटिया बजारको मौलिकता बचाउन नसक्दा केवल सांस्कृतिक सम्पदा मात्र नभएर स्थानीय अर्थतन्त्र पनि दीर्घकालीन रूपमा प्रभावित भएको छ । तसर्थ सबै सरोकारवालाको साझा प्रयासले मात्र राजविराज हटियाको इतिहासलाई बचाउन सकिन्छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# विभिन्न ८ बुंदे माग अघि सार्दै आन्दोलनरत संघर्ष समितिले संकलन गऱ्यो हस्ताक्षर

**राजविराज**/राजविराज नगरक्षेत्रको विटौरी र ब्लक जग्गाको लालपुर्जाको मागसहित विभिन्न ८ बुंदे माग अघि सार्दै आन्दोलनरत संघर्ष समितिले हस्ताक्षर संकलन गरेको छ ।

राजविराज नगरवासीको तर्फबाट गठित संर्घष समितिद्वारा घोषित कार्यक्रम अनुसार शुक्रबार नगरको मुख्य चौकमा आफ्नो मागको पक्षमा हस्ताक्षर संकलन गरेको हो ।

दोश्रो चरणको आन्दोलन अन्तर्गत पहिलो दिन विहीवार नगरका चौक, पसल र घर/घरमा कालो झण्डा झुण्ड्याएका संघर्ष समितीले दोश्रो दिन शुक्रवार हस्ताक्षरण संकलन अभियान थालेर आन्दोलनलाई निरन्तरता दिएका छन् ।

संघर्ष समितीका संयोजक इरसाद अन्सारी, बार्ता टोलीका सदस्यद्वय दिपेन्द्र चौधरी, शम्भु लाल देव, नागरिक समाजका अध्यक्ष थानसिंह भंसाली, वडा सदस्य बिरेन्द्र साह, नागरिक अगुवा अर्जून प्रसाद साह, संघर्ष समितीका प्रवक्ता अनिल देव लगायतका सयौंको संख्यामा स्थानीयवासीको उपस्थितीमा हस्ताक्षर संकलन अभियान सुरु गरिएको छ ।

बि.स. २०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक मेन रोड तथा भित्री सडकको दाया बाया रहेका ५ हजार २ सय परिवार वर्षौदेखि लालपूर्जा नपाएको र नगरपालिकाबाट नक्शा पास तथा मालपोत कार्यालयबाट विगत ८ वर्षदेखि रोक्का प्रक्रिया बन्द गरिएपछि मार्कामा परेका छन् ।

जग्गावापत नगरपालिकाबाट पाएको बिटौरी रसिदका आधारमा बसोवास तथा विगतमा समस्या परेका बेला सोही बिटौरी रसिदमा उल्लेखित जग्गा बैंक तथा वित्तिय संस्थामा धितो राखी ऋण कर्जा लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट बञ्चित भएका छन् ।

संघर्ष समितिले बिटौरी र ब्लक जग्गाको लालपूर्जाका साथै राजविराज बस पार्क अविलम्ब संचालन, राजविराज हटियामा निर्माणाधिन व्यवसाय कम्प्लेक्सको निर्माण कार्य अविलम्ब सम्पन्न गरी व्यवसायीलाई हस्तानान्तरण, सप्तरीको सिमा नाका क्षेत्रमा वर्षौदेखि बन्द रहेको छोटी भन्सार कार्यालयहरुको पुनसंचालन लगायतको ८ बुँदे माग अघि सार्दै दोश्रो चरणको आन्दोलन कार्यक्रम घोषणा गरेको छ ।

आन्दोलनका कार्यक्रम अनुसार अघिल्लो दिन नगरभरी कालो झण्डा झुण्ड्याउने कार्यक्रम सम्पन्न गरिएको छ भने शुक्रवार स्थानीय गजेन्द्र चौकमा ८ बुँदे मागका पक्षमा हस्ताक्षर संकलन अभियान थालिएको छ । यस्तै बैशाख २१ गते आइतवार नापी कार्यालयमा धर्ना र बैशाख २२ गते सोमवार राजविराज नगरपालिकामा धर्ना दिई कामकाज ठप्प पार्ने घोषणा संघर्ष समितीले गरेको छ ।

बैशाख २४ गते बुधवार संघर्ष समितिको बैठक बसी आन्दोलनको समिक्षा तथा तेश्रो चरणको आन्दोलनको घोषणा गर्ने संघर्ष समितिले जनाएको छ ।

प्रथम चरणमा गत फागुन १७ गते राजविराज बन्द कार्यक्रमको आयोजना गरिएपछि तातेको स्थानीय प्रशासनको आश्वासन पश्चात केही दिनका लागि आन्दोलन स्थगित गरेको संघर्ष समितिले माग पुरा गर्न सरोकारवाला निकाय उदासिन बनेको भन्दै पुनः आन्दोलन सुरु गरेका हुन ।

## फरार कैदी अझै पक्राउ परेनन्

**राजविराज**/कारागार कार्यालय सप्तरीबाट एक साता अघि फरार भएका कैदी अझै पक्राउ परेका छैनन् ।

चोरी मुद्दामा धरौटी बुझाउन नसकेर कैदी बन्दी बिताइरहेका सप्तरीको शम्भुनाथ नगरपालिका ११ घर भएका ३५ बर्षीय रामानन्द मंडल गत आइतवार राति कारागारबाट फरार भएका थिए ।

आइतवार राति हवाहुरी र चट्यांगका कारण विद्युत अवरुद्ध भएको र सोही मौका छोपेर कैदी मंडल फरार भएको कारागार कार्यालय सप्तरीका प्रमुख मातृका प्रसाद दाहालले जानकारी दिएका छन् ।

फरार कैदी मंडलको खोजी कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।

काठमाडौं जिल्ला अदालतमा दायर भएको चोरी मुद्दामा एक लाख ४० हजार घरौट अदालतले मागेपछि सो तिर्न नसकेर कारागार चलान गरिएका मंडललाई केन्द्रिय कारागार काठमाडौंले २०८१ पुष ६ गते राजविराजमा पठाएको कारागार कार्यालय प्रमुख दाहालले बताए ।

## दुई टेम्पुबाट गाजा बरामद, एक पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले जिल्लाको दुई स्थानबाट यात्रु बोक्ने अटो टेम्पुबाट १ सय ३७ किलो प्रतिबन्धित लागुऔषध गाजा बरामद गरेको छ भने एक जनालाई पक्राउ समेत गरेको छ ।

प्रहरीले हुलाकी राजमार्ग अन्तरगत जिल्लाको तिरहुत गाँउपालिका वडा नं. २ बडहरास्थित सडक खण्डमा बुधबार फत्तेपुरबाट डिमनतर्फ जादै गरेको प्र१-०२-००३ ह २९३४ नं. को अटोबाट ५८ किलो गाजा बरामद गरेको हो ।

अटो चेक जाँच गर्दा अटो भित्र सेतो पलास्टिकको दुई वटा पोका र सेता बोरा भित्र रहेको उक्त मात्रामा लागुऔषध गाँजा बरामद भएको छ । गाजासहित प्रहरीले अटो र अटो चालक उदयपुर जिल्लाको बेलका नगरपालिका ३ मोरङगे टोल निवासी ४१ वर्षिय जयराम दाहाललाई नियन्त्रणमा लिएको जनाएको छ ।

यस्तै मंगलबार पूर्वपश्चिम राजमार्ग अन्तरगत जिल्लाको कंचनरुप नगरपालिका २ बरमझियामा खटेको प्रहरी टोलीलाई देख्ने बित्तिकै स.१ह.१७१६ नं. अटो छाडी चालक फरार भएका थिए । प्रहरीका अनुसार अटोलाई चेकजाज गर्दा तीन वटा बोरा, एक वटा कालो सुटकेस र एक वटा कपडाको रातो झोलामा गरि ७९.७६ किलो लागूऔषध गाँजा बरामद गरेको छ ।

तिरहुतबाट पक्राउ परेका चालकलाई कानून बमोजिम पकाउ गरी सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई अनुसन्धान कार्य भइरहेको तथा बरमझियाबाट बरामद अटो र गाँजा नियन्त्रणमा लिई अनुसन्धान अगाडी बढाइएको र फरार चालकको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**

# विश्व प्रेस स्वतन्त्रता दिवस २०२५ को महत्व र नारा

सन् १९९३ मा संयुक्त राष्ट्रसंघले मे ३ तारिखलाई विश्व प्रेस स्वतन्त्रता दिवसको रूपमा मान्यता दिएको थियो । तबदेखि हरेक वर्ष यो दिन विश्वभरका पत्रकार, मिडिया संस्था, अधिकारकर्मी र नीतिनिर्माताहरूको साझा चासोको विषय बन्छ–प्रेस स्वतन्त्रताको रक्षा र प्रवर्द्धन । सन् २०२५ को नाराले यस वर्षको अन्तर्राष्ट्रिय पत्रकारिताको यथार्थलाई प्रतिविम्बित गरेको छ ।

**नयाँ साहसी संसारमा रिपोर्टिङ - प्रेस स्वतन्त्रता र मिडियामा कृत्रिम बुद्धिमत्ता (एआई)को प्रभाव**

यो नारा केवल प्रविधिको विकासको चित्रण मात्र होइन, पत्रकारिता क्षेत्रभित्र फैलिएको अनिश्चितता, चुनौती र सम्भावनाको सङ्केत पनि हो । आजको पत्रकारितामा पुराना चुनौतीहरू अझ गहिरिँदै छन्–प्रेसमाथि राज्यको नियन्त्रण, सेन्सरसिप, पत्रकारमाथिका आक्रमण, र सत्य रिपोर्टिङ गर्नेहरूलाई कारवाही । यससँगै, नयाँ युगको एक अर्को चुनौतीको रूपमा कृत्रिम बुद्धिमत्ता (एआई) को प्रभाव देखा परेको छ, जसले समाचार उत्पादन, सम्पादन, तथ्य प्रमाणीकरणदेखि पाठक/दर्शकको बुझाइसम्म सबैमा असर पारिरहेको छ । सन् २०२५ को यो दिवसले मिडियालाई “साहसी” बन्नु आवश्यक छ भन्ने सन्देश दिएको छ । कारण के हो भने आजको युग केवल सूचना प्रवाहको मात्र होइन, सूचना युद्धको युग पनि हो । सत्य-असत्य, तथ्य-अफवाह, रिपोर्टिङ-प्रचारबीचको सीमाना धमिलो बनिरहेका बेला “साहस” भनेको केवल जोखिम लिने कुरा होइन, नैतिकता, सत्यता र उत्तरदायित्वमा अडिग रहने विवेक पनि हो ।

त्यस्तै, एआईको विकासले पत्रकारिता क्षेत्रलाई नयाँ उचाइमा पुर्‍याउने सम्भावना पनि छ । तथापि, यसले मानव पत्रकारको भूमिकालाई चुनौती दिएको छ–विशेषगरी तथ्यको शुद्धता, स्रोतको प्रमाणिकता, पूर्वाग्रही एल्गोरिदम र गहिरो विश्लेषणको स्थानमा सतही स्वतः उत्पादनले पुर्‍याउने क्षतिलाई गम्भीर रूपमा मूल्याङ्कन गर्नुपर्ने आवश्यकता छ.प्रेस स्वतन्त्रताको रक्षा केवल कानुनी वा नीतिगत स्तरमा मात्र होइन, प्राविधिक र नैतिक दृष्टिकोणबाट पनि हुनुपर्छ ।

कृत्रिम बुद्धिमत्ता, जब पत्रकारितासँग जोडिन्छ, तब त्यसको नियमन, उत्तरदायित्व र मानवीय हस्तक्षेप सुनिश्चित गर्नुपर्छऽँस ।

**नेपाल र विश्वमा प्रेस स्वतन्त्रताको वर्तमान अवस्था**

विश्व प्रेस स्वतन्त्रता दिवस २०२५ को सन्दर्भमा हेर्दा, नेपाल र विश्वका धेरै देशहरूमा प्रेस स्वतन्त्रताको अवस्था चुनौतीपूर्ण देखिन्छ । संयुक्त राष्ट्रसंघ, युनेस्को र अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता सूचकांक प्रकाशित गर्ने संस्था “च्भउयचतभचक ध्तजयगत व्ययचमभचक (च्क्)” लगायतका संस्थाहरूको प्रतिवेदन अनुसार पत्रकारिताको स्वतन्त्रता पछिल्ला वर्षहरूमा खस्किँदो अवस्थामा छ ।

**नेपालमा प्रेस स्वतन्त्रताको अवस्था**

नेपालको संविधानले अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतालाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । संविधानको धारा १७ र १९ मा प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सूचना पाउने हक लगायतका अधिकार स्पष्ट रूपमा उल्लेख छन् । तर व्यवहारमा भने यी अधिकारहरू बारम्बार कुण्ठित भएका छन् । पछिल्लो समय सरकारले सञ्चारमाध्यममा हस्तक्षेप गर्ने, अनलाइन मिडियालाई दर्ता र नियमनको नाममा नियन्त्रण गर्ने, सामाजिक सञ्जालमा अभिव्यक्त विचारका आधारमा कारवाही गर्ने क्रम बढेको छ । विशेषगरी अनलाइन पत्रकारितामाथि थुप्रिएका कानुनी तथा प्राविधिक जटिलताले स्वतन्त्र रिपोर्टिङमा बाधा पुर्‍याएको छ । त्यस्तै, प्रदेश र स्थानीय तहमा सञ्चारकर्मीहरूलाई राज्यका निकायहरूसँग सूचना माग्दा जवाफ नपाइने, राजनीतिक समूहद्वारा रिपोर्टिङ रोक्ने, वा धम्की दिने प्रवृत्ति बढेको देखिन्छ । नेपाल पत्रकार महासङ्घको २०२५ को प्रतिवेदनअनुसार गत एक वर्षमा मात्रै पत्रकारमाथि ६० भन्दा बढी आक्रमण, दुर्व्यवहार वा दमनका घटना भएका छन् ।

**दण्डहीनता र निषेधको संस्कृति**

सबैभन्दा चिन्ताजनक पक्ष भनेको पत्रकारमाथिका हिंसात्मक घटनामा संलग्न व्यक्तिहरू सजाय नपाउने दण्डहीनता हो । केही घटनामा त राज्य संरचनाका अंगहरू स्वयं संलग्न देखिएका छन्, जसमाथि निष्पक्ष अनुसन्धान हुने सम्भावना कमजोर हुन्छ । यसले स्वतन्त्र प्रेसका लागि भयको वातावरण सिर्जना गर्छ ।

**विश्वस्तरमा प्रेस स्वतन्त्रताको परिदृश्य**

नेपाल मात्र होइन, दक्षिण एशियाका अन्य देशहरू भारत, बंगलादेश, श्रीलंका लगायतमा पनि पत्रकारमाथि दमन बढ्दो छ । भारतमा पत्रकारहरूलाई राष्ट्रविरोधी गतिविधिको आरोपमा जेल हालिने, बंगलादेशमा डिजिटल सुरक्षा ऐन (म्क्ब) मार्फत पत्रकारितामाथि निगरानी गरिने, पाकिस्तानमा सेंसरसिप र पत्रकारको अपहरण हुने गरेका घटनाहरू यथार्थ हुन् । अर्कोतर्फ, म्यानमार, अफगानिस्तान, बेलारुस, चीन, र रुस जस्ता देशमा स्वतन्त्र पत्रकारिताको अवस्था अत्यन्तै जोखिमपूर्ण छ । पत्रकारहरूलाई गिरफ्तार गर्नु, यातना दिनु, वा मार्नु सरकारको रणनीतिक औजार बनेको देखिन्छ । पश्चिमी मुलुकहरूमा प्रेस स्वतन्त्रताको कानुनी संरचना बलियो भए पनि, मिडियाको व्यापारिककरण, राजनीतिक ध्रुवीकरण, र एआईद्वारा सञ्चालित अफवाह



रमेश कुमार बोहोरा

अभियानहरूले सत्य पत्रकारिता संकटमा परेको छ ।

**महामारीपछिको परिदृश्य**

कोभिड–१९ महामारीपछि मिडिया संस्थाहरू आर्थिक सङ्कटमा परे । विज्ञापन घट्नु, पाठक घट्नु र कार्यबलमा कटौती हुँदा, स्वतन्त्र अनुसन्धानमूलक पत्रकारिताको स्थानमा सस्तो, चटपटे सामग्रीको बाढी आएको छ । यसले सूचना प्रणालीमा विश्वासको सङ्कट पनि ल्याएको छ ।

**पत्रकारमाथिका आक्रमण र दण्डहीनताको समस्या**

प्रेस स्वतन्त्रताको मौलिक शर्त भनेकै पत्रकारहरूले डर, धम्की वा आक्रमणबिना रिपोर्टिङ गर्न पाउनु हो । तर, आजको यथार्थ यस विपरीत छ । सन् २०२५ मा आइपुग्दासम्म पनि पत्रकारमाथि आक्रमण, गिरफतारी, साइबर हमला र हत्या हुने क्रम रोकिएको छैन । झन् झन्, अपराधीहरूलाई कारवाही नहुनु – अर्थात् दण्डहीनता – प्रेस स्वतन्त्रताको सबैभन्दा गम्भीर खतराको रूपमा देखा परेको छ ।

**नेपालमा पत्रकारमाथिका आक्रमण**

नेपाल पत्रकार महासङ्घका अनुसार, गत एक वर्षमा मात्र पत्रकारमाथि ६० भन्दा बढी प्रकारका हिंसात्मक वा दमनात्मक घटनाहरू भएका छन् । यीमध्ये केही घटना यस्ता छन् जसमः

अनुसन्धानमूलक समाचार लेखेकै कारण पत्रकारलाई स्थानीय नेताहरू वा व्यवसायिक समूहबाट धम्की ।

केही अनलाइन पोर्टलका सम्पादकहरूलाई साइबर क्राइमको मुद्दा ।

सडक रिपोर्टिङका क्रममा सुरक्षाकर्मीले पत्रकारमाथि हातपात ।

अपमानजनक सामाजिक सञ्जाल पोस्ट वा ट्रोलिङको शिकार

यी घटनामध्ये धेरैजसोमा कुनै औपचारिक कारवाही भएको छैन । पीडित पत्रकारहरूले उजुरी गरे पनि, अनुसन्धान लम्ब्याउने, मुद्दा फिर्ता गराउने, या दबाव दिने प्रवृत्ति कायमै छ ।

**दण्डहीनताको चक्र**

एकपटक कुनै पत्रकारमाथि आक्रमण भयो भने त्यो केवल व्यक्तिको अधिकारको उल्लंघन हुँदैन; त्यो राज्यप्रति, लोकतन्त्रप्रति र नागरिकको सूचना पाउने अधिकारप्रति आक्रमण हो । तर जब हमला गर्नेहरू राजनीतिक संरक्षणमा हुन्छन् वा सुरक्षाकर्मी नै आक्रमण हुन्छन्, तब अनुसन्धान निष्पक्ष हुँदैन । धेरै पत्रकारमाथिका आक्रमणहरू “सम्झौता” मा टुंगिने गरेका छन् । कतिपय अवस्थामा पत्रकारले आफैं आत्मरक्षा स्वरूप मुद्दा फिर्ता गर्छन् वा मौन बस्न बाध्य हुन्छन् ।

**विश्व परिदृश्य**

दण्डहीनताको समस्या नेपालमा मात्र होइन, विश्वव्यापी रूपमा फैलिएको छ । युनेस्कोका अनुसार, पछिल्ला १० वर्षमा हत्या गरिएका ८० प्रतिशत पत्रकारका हत्यारा कहिल्यै कानुनी कारबाहीको दायरामा परेनन् । मेक्सिको, फिलिपिन्स, अफगानिस्तान, सीरिया, र रुस जस्ता देशहरूमा पत्रकारमाथि लक्षित हत्या सामान्य बनिसकेको छ । सन् २०२३ मा मात्र संसारभर ८७ जना पत्रकारको हत्या भएको थियो ।

**उदाहरणका लागि**

फिलिपिन्समा रेडियो पत्रकारहरूलाई गोली हानिएको थियो ।

रुसमा एलेक्सी नेवल्नीसम्बन्धी रिपोर्ट गर्ने पत्रकार बेपत्ता पारिएको थियो ।

इरानमा महिला अधिकारको विषयमा लेख्ने पत्रकारलाई मृत्युदण्ड सुनाइएको थियो ।

यी घटना सबैले देखाउँछन् कि पत्रकारितामाथि हिंसा बढ्दैछ र अपराधीहरू सजायबाट जोगिँदैछन् ।

**दण्डहीनता रोक्न के गर्नु पर्छ ?**

प्रेस स्वतन्त्रताको रक्षा गर्न विशेष पत्रकार सुरक्षा ऐनको खाका आवस्यकता छ ।

पत्रकारमाथि हुने आक्रमणलाई गम्भीर अपराधको रूपमा हेर्नु र छिटो निष्कर्षमा पुर्‍याउनु पर्दछ ।

राजनीतिक संरक्षणमा हुने आक्रमणहरूलाई खारेज गरेर स्वतन्त्र अनुसन्धान समिति गठन हुनुपर्छ ।

सुरक्षाकर्मी, प्रशासन र पत्रकारबीच नियमित संवाद र तालिम कार्यक्रम हुनुपर्छ ।

मिडियामा कृत्रिम बुद्धिमत्ता (एआई)को प्रभावः अवसर र चुनौती

कृत्रिम बुद्धिमत्ता ( Artificial Intelligence – AI) ले अहिले हरेक क्षेत्रमा परिवर्तन ल्याइरहेको छ । मिडिया र पत्रकारिता पनि यसको अपवाद होइन । समाचार लेखनदेखि सम्पादन, तथ्य प्रमाणीकरणदेखि पाठकसँगको अन्तर्क्रियासम्म, एआईले पुरानो कार्यपद्धतिलाई नयाँ दिशामा मोडिरहेको छ । सन् २०२५ को विश्व प्रेस स्वतन्त्रता दिवसले यो विषयलाई केन्द्रीय रुपमा उठाउनुको कारण यही हो - प्रेस स्वतन्त्रता र एआईको सम्बन्ध गहिरो, जटिल र भविष्यनिर्धारण गर्ने खालको छ ।

**एआईद्वारा सञ्चालित मिडियाः अवसरहरू समाचार लेखन र अनुवादमा सहयोग**

अहिले धेरै मिडिया हाउसहरूले एआईलाई सामान्य समाचार लेख्न प्रयोग गरिरहेका छन् – जस्तै खेलकुदको स्कोर रिपोर्ट, आर्थिक आँकडा, मौसम रिपोर्ट आदि । यस्ता समाचारहरूमा तथ्य स्पष्ट र ढाँचा निश्चित हुने भएकाले एआईका लागि उपयुक्त क्षेत्र हुन् ।

**भाषा रूपान्तरण र पहुँच विस्तार**

एआईद्वारा सञ्चालित अनुवाद प्रणालीले समाचारलाई विभिन्न भाषामा छिटो अनुवाद गर्न सकिन्छ, जसले सिमाना र भाषागत अवरोधलाई तोड्न मद्दत गर्छ ।

**फ्याक्ट-चेकिङ र तथ्य प्रमाणीकरण**

झुटा समाचार (ाबपभ लभधक) को बाढीमा एआईले सत्य र असत्य छुट्याउन ‘ाबअत-अजभअपष्लन बनियचष्तजक’ विकास गरिरहेको छ। जस्तै, फोटो वा भिडियोको वास्तविक स्रोत पहिचान गर्न एआई प्रविधि प्रयोग गरिन्छ ।

**डाटा पत्रकारिता र विश्लेषण**

ठूला डाटासेटहरूबाट अर्थपूर्ण समाचार निकाल्न, गहिरो अनुसन्धान गर्न एआई टूलहरू (जस्तै Natural Language Processing र Sentiment Analysis) निकै उपयोगी छन् ।

*बाँकी चार पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**

# किन हुन्छ पाइल्स, उपचार के ?

**डा. प्रकाश चौधरी**

मलद्वारमा हुने विभिन्न प्रकारका रोगमध्ये पाइल्स पनि एक हो, जसलाई चिकित्सकीय भाषामा 'हेमोरोइड्स' भनिन्छ। मुख्यतः यो भित्री (बाहिरबाट नदेखिने) र बाहिरी (बाहिरबाट देखिने) गरी दुई प्रकारका हुन्छन्। मलद्वारको भित्री भागमा हुनेलाई भित्री र मलद्वारको छाला वरिपरि देखिनेलाई बाह्य पाइल्स भनिन्छ।

दिसा गर्दा धेरैबेर लगाउने, कन्ने तथा कब्जियतको समस्या भएका बिरामीलाई पाइल्स हुने सम्भावना बढी हुन्छ।



डा. प्रकाश चौधरी

> मलद्वारमा मासु पलाएको अनुभव हुने, कहिलेकाहीँ मासुको गाँठो बाहिर आउने, डल्लाडुल्ली महसुस हुने, दिसा गर्दा ताजा रगत आउने हुन्छ भने पाइल्सको शंका गरी जचाउनुपर्छ ।

**लक्षण**

मलद्वारमा मासु पलाएको अनुभव हुने, कहिलेकाहीं मासुको गाँठो बाहिर आउने, डल्लाडुल्ली महसुस हुने, दिसा गर्दा ताजा रगत आउने हुन्छ भने पाइल्सको शंका गरी जचाउनुपर्छ।

**पाइल्सलाई चार तहमा बाँड्न सकिन्छ :**

पहिलो तह– मासुको गाँठो बाहिर नदेखिने हुन्छ, जो दिसा गर्दा दुख्छ।

दोस्रो तह– दिसा गर्दा बल गर्ने क्रममा मासुको गाँठो बाहिर निस्कन्छ। हल्का रगत पनि आउन सक्छ। यस्ता बिरामीलाई औषधि दिएर हेर्न सकिन्छ र केही समयपछि फलो अपमा बोलाउन सकिन्छ।

तेस्रो र चौथो तह– यस तहका बिरामीमा पाइल्स फुट्ने, बढी रगत आउने र असह्य पीडा हुने हुन्छ। धेरै रक्तश्राव हुने, हिँडडुल गर्न अप्ठेरो हुने र संक्रमण हुने जोखिम हुन्छ। धेरै रक्तश्राव भएको छ, शरीरमा हेमोग्लोबिनको कमी देखिएको छ भने त्यस्तो अवस्थामा शल्यक्रिया आवश्यक हुन्छ।

बिरामीको समस्या र लक्षणका आधारमा कुन तहको पायल्स हो भनी छुट्याइन्छ र औषधि दिने कि शल्यक्रिया गर्ने भन्ने तय गरिन्छ।

**दोहोरिने जोखिम**

मलद्वारमा जन्मजात स-साना रक्तनली हुन्छन्। तर तिनमा दबाब पर्दै गयो भने सुन्निदै जान्छ र डल्लो बन्दै जान्छ। त्यो डल्लोलाई पनि दबाब पर्‍यो भने फुटेर रगत आउँछ। यस्तो अवस्थामा अपरेसन गरेपछि निको हुन्छ। तर जीवनशैली, खानपान उस्तै भयो भने केही वर्षपछि पुनः दोहोरिने जोखिम हुन्छ।

पाइल्सलाई दुई किसिमले शल्यक्रिया गर्न सकिन्छ– परम्परागत तरिकाबाट चिरफार गरेर र अत्याधुनिक लेजर प्रविधि प्रयोग गरेर।

काठमाडौंस्थित नर्भिक अस्पतालमा पनि लेजर प्रविधिबाट पाइल्सको शल्यक्रिया सुरु गरिसकिएको छ। लेजर प्रविधि अनुसार चिरफार नगरीकन शल्यक्रिया गरिन्छ। यसो गर्दा बिरामी अस्पताल बस्नुपर्दैन। शल्यक्रिया गरेकै दिन घर जान पनि सकिन्छ।

परम्परागत तरिकाबाट चिरफार गरेर शल्यक्रिया गर्दा एक त बिरामीलाई पीडा हुन्छ र अस्पताल पनि धेरै दिन बस्नुपर्ने हुन्छ। अर्कोतिर मलद्वारमा अपरेसन गर्नुपर्ने भएकाले बिरामीलाई पनि असजिलो हुन्छ। अस्पताल बस्नुपर्दा खर्च पनि बढ्छ।

लेजर प्रविधिबाट गर्दा अस्पताल बस्नुपर्दैन। 'एडभान्स्ड प्रोक्टोलोजी सर्जरी' विधिबाट पाइल्स, फिस्टुला, फिसर तथा ढाडको पुच्छरमा बारम्बार आउने घाउको समस्याको शल्यक्रिया गरिन्छ।

**सावधानी**

पाइल्स जीवनशैलीका कारण उत्पन्न हुने रोग हो। त्यसैले खानपान तथा जीवनशैली सन्तुलित गर्ने, पानी धेरै पिउने, सागपात तथा फाइबर भएको खानेकुरा बढी खाने, हरिया तरकारी तथा बोक्रा भएको खानेकुरा खाने गर्नुपर्छ। खानेकुरा सबै खान सकिन्छ तर सन्तुलित बनाउनुपर्छ। चिल्लो, मैदाजन्य खाना र मासु कम खानुपर्छ। यस्ता खाना कम खाँदा पनि फाइवरयुक्त खानेकुरा जोड्नुपर्छ। (डा. चौधरी नर्भिक इन्टरनेसनल अस्पतालका सिनियर कन्सल्ट्यान्ट, जीआई, ल्यापरोस्कोपिक तथा लेजर सर्जन हुन्।)

---

*विश्व प्रेस ...*

**पाठकसँग अन्तरक्रिया र सामग्री सिफारिस**

एआईले पाठकको रुचिअनुसार सामग्री सुझाव दिने, खोज परिणाम अनुकूल गर्ने, र व्यक्तिगत समाचार अनुभव निर्माण गर्ने काम गर्छ। यसले पाठक संलग्नता बढाउँछ।

**तर, यी अवसरसँगै गम्भीर चुनौतीहरू पनि छन् : पत्रकारको स्थानमाथि खतरा**

एआईले सामान्य समाचार लेख्न थालेपछि कतिपय मिडिया संस्थाले संवाददाताको स्थानमा प्रविधिलाई प्राथमिकता दिन थालेका छन्। यसले रोजगार कटौती र पेशागत असुरक्षा निम्त्याएको छ।

**पूर्वाग्रही एल्गोरिदम र सूचना विकृति**

एआई प्रणालीहरू प्रशिक्षित डाटामाथि आधारित हुन्छन्। यदि डाटा पूर्वाग्रही छ भने ( जस्तै, जातीय, लैङ्गिक वा सांस्कृतिक दृष्टिले असमान), त्यसले उत्पन्न समाचार वा विश्लेषण पनि पूर्वाग्रही हुन्छ।

**झुटा समाचार निर्माणमै एआई प्रयोग**

Deepfake भिडियो, झुटा लेख वा नक्कली वेबसाइटहरू निर्माणमा पनि एआई प्रयोग हुन थालेको छ। यस्तो प्रविधि यदि गलत उद्देश्यमा प्रयोग भयो भने, त्यसले लोकतन्त्र र प्रेस स्वतन्त्रतामा ठूलो खतरा निम्त्याउँछ।

**उत्तरदायित्वको अभाव**

एआईद्वारा तयार समाचारमा गल्ती भएमा त्यसको जिम्मेवारी कसले लिने ? मानव पत्रकार वा एआई विकासकर्ताले ? यसको स्पष्ट मापदण्ड अहिले पनि विश्वव्यापी रूपमा स्थापित भइसकेको छैन।

**छोटो, सतही सामग्रीको बाढी**

एआईले उत्पादन गरेको सामग्री प्रायः तथ्य-आधारित भए पनि, विश्लेषणात्मक गहिराइ र संवेदनशीलताको अभाव हुन्छ। यसले पाठकमा 'ऋष्अिपदबष्त' प्रवृत्ति बढाउने खतरा छ।

**नीतिगत सुधार र भविष्यको बाटो**

विश्व प्रेस स्वतन्त्रता दिवस २०२५ को मूल नारा – "नयाँ साहसी संसारमा रिपोर्टिङः प्रेस स्वतन्त्रता र मिडियामा कृत्रिम बुद्धिमत्ता ( एआई)को प्रभाव" – केवल समस्याको चित्रण मात्र होइन, समाधानको खाका निर्माण गर्ने अवसर पनि हो। नेपाल र विश्वले स्वतन्त्र पत्रकारिता र प्रविधिको सह-अस्तित्वलाई सुनिश्चित गर्न नयाँ नीति, संरचना र व्यवहारको आवश्यकता छ।

**प्रेसमैत्री कानुनी संरचना विकास**

नेपालमा पत्रकारिता नियन्त्रण गर्न प्रयोग हुने कानुनहरू जस्तै प्रेस काउन्सिल ऐन, सूचना प्रविधि ऐन, राष्ट्रिय सूचना आयोग सम्बन्धी प्रावधानहरूलाई प्रेस स्वतन्त्रताप्रति सम्मानजनक तरिकाले पुनरावलोकन गर्न जरुरी छ। प्रेसमाथि प्रतिबन्ध होइन, सहजीकरण गरिने नीति आवश्यक छ।

पत्रकारमाथि हुने आक्रमणलाई "गम्भीर अपराध" को रूपमा परिभाषित गर्ने कानुन ल्याइनुपर्छ।

प्रेस स्वतन्त्रतामाथि असर पार्ने कुनै पनि कानुनी प्रस्ताव अघि सार्दा अनिवार्य रूपमा मिडिया क्षेत्रको परामर्श लिनु पर्ने व्यवस्था हुनुपर्छ।

**एआई नीति र मिडिया नियमन**

कृत्रिम बुद्धिमत्ताको प्रयोगले सूचना उत्पादन र उपभोगको प्रकृति नै बदलिरहेको छ। यसलाई नियन्त्रण गर्नेभन्दा पनि उत्तरदायी बनाउने रणनीति अवलम्बन गर्नुपर्छ। AI Transparency Framework: मिडिया संस्थाले एआई प्रयोग गरिएका सामग्रीमा स्पष्ट रूपमा खुलासा गर्ने नीतिको विकास आवश्यक छ। Human–in–the–Loop -HITL_ प्रणाली: समाचार उत्पादनमा एआईले भूमिका खेले पनि अन्तिम निर्णय मानव सम्पादक वा पत्रकारको हुने सुनिश्चितता हुनुपर्छ। डेटा गोपनीयता र पूर्वाग्रह न्यूनिकरण: एआई प्रणाली प्रशिक्षित गरिने डेटाबेसलाई निष्पक्ष, विविधतापूर्ण र उत्तरदायी बनाउन वैज्ञानिक र नीतिगत सहयोग आवश्यक छ।

**मिडिया साक्षरताको प्रवर्द्धन**

आजको समयमा नागरिक मात्र पाठक होइनन्, सामग्रीका उत्पादक र प्रवाहकर्ता पनि हुन थालेका छन्। त्यसैले, समाचारको मूल्यांकन, झुटा समाचारको पहिचान, तथ्य प्रमाणीकरण र उत्तरदायित्वबारे आम नागरिकमा चेतना जगाउने कार्यक्रम आवश्यक छ। विद्यालय र विश्वविद्यालय तहमा "मिडिया साक्षरताको पाठ्यक्रम" अनिवार्य गरिनुपर्छ ।सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई 'बिअत-अजभअपष्लन तययकि' को प्रयोग सिकाउने डिजिटल क्याम्पेन चलाइनुपर्छ।

**पत्रकार सुरक्षाका लागि संरचनागत सुधार**

पत्रकार संरक्षणका लागि स्वतन्त्र "पत्रकार सुरक्षा इकाइ" गठन हुनुपर्छ, जसमा कानुनी, मनोवैज्ञानिक र तालीम विशेषज्ञहरूको टोली समावेश गरिनुपर्छ। महिला, अल्पसंख्यक र सिमान्तकृत समुदायका पत्रकारहरूका लागि सुरक्षित वातावरण सिर्जना गर्न अतिरिक्त नीति चाहिन्छ।

**स्वतन्त्रता र प्रविधिको सह-अस्तित्वः भविष्यको बाटो**

पत्रकारिता अब प्रविधिबाट टाढा बस्न सक्दैन। तर, प्रविधिले मानव पत्रकारको विवेक, आत्मा र सत्य खोज्ने क्षमताको विकल्प लिन सक्दैन। त्यसैले भविष्य यस्तो हुनुपर्छ जहाँ: प्रविधि र पत्रकारबीच सहकार्य हुन्छ, प्रतिस्पर्धा होइन ।स्वतन्त्र पत्रकारिताले सत्य बोल्न डराउँदैन, न राज्यको कारण, न प्रविधिको कारण। मिडिया संस्थाहरू व्यापारिक दबाबभन्दा पनि सामाजिक उत्तरदायित्वमा अडिग हुन्छन्।

सन् २०२५ को विश्व प्रेस स्वतन्त्रता दिवस एउटा नयाँ मोडमा आएको छ – जहाँ परम्परागत जोखिम ( राजनीतिक दमन, हिंसा, दण्डहीनता) र प्रविधिजन्य चुनौती (एआईको प्रभाव, एल्गोरिदम, झुटा समाचार) एकैसाथ देखिएका छन्। यस्ता अवस्थामा पत्रकारिता अझ साहसी, जिम्मेवार र समावेशी बन्ने छ – जब सरकार, मिडिया, प्राविधिक क्षेत्र र नागरिक समाजले मिलेर स्वतन्त्रताको आधारभूत मूल्यहरूको रक्षा गर्नेछन्। ( लेखक बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुन्)


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
महादेवा गाउँपालिका, सप्तरी

# सुरुङ्गा अब क्षयरोग मुक्त घोषणा हुने

**राजविराज**/मधेश प्रदेश कै पहिलो बालविवाह मुक्त घोषणा भएको सप्तरीको सुरुङ्गा नगरपालिका अब क्षयरोग मुक्त घोषणा गर्ने तयारीमा जुटेको छ।

पालिकालाई क्षयरोग मुक्त पालिका घोषणा गर्ने तयारी स्वरुप मंगलवारदेखी क्षयरोगीको पहिचान र उपचारका लागी पालिका क्षेत्र भित्रका तीन स्थानमा "एक्टिभ केस डिटेक्सन कार्यक्रम" सुरु गरिएको छ।

सुरुङ्गा नगरपालिका २ स्थित जनता माध्यमिक विद्यालय भेडियामा आयोजित एक समारोह बीच नगर प्रमुख गीता चौधरीले उक्त कार्यक्रमको शुभारम्भ गरेकी छिन।

सो अवसरमा उनले सुरुङ्गा नगरपालिकाका वासिन्दालाई क्षयरोग विरुद्ध जागरुक बनाई क्षयरोग बिनाको पालिका बनाउने उद्देश्यका साथ यस्तो कार्यक्रम ल्याइएको बताइन। सुरुङ्गा नगरपालिकालाई २०८३ साल सम्म क्षयरोग मुक्त पालिका घोषणा गर्ने उदघोषका साथ उनले पालिकाद्वारा कायम गरिएको ३ वटा उपचार केन्द्रमा परिक्षण र उपचारका लागी आउन सबै संग आग्रह गरिन।

क्षयरोगको परिक्षण र उपचारका लागी ११ वटै वडाका वासीन्दालाई पायक पर्ने गरी भेडिया, कुशहा र धाँती बाजारमा गरी ३ वटा सेन्टर कायम गरिएको छ। क्षयरोग निवारण केन्द्र भक्तपुर तथा मधेश प्रदेश सरकार समेतको प्राविधीक सहयोगमा नगरपालिकाले चलाएको कार्यक्रम अन्तर्गत औषधीहरु पनि नि:शुल्क उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। आफ्नो नीती तथा कार्यक्रममा क्षयरोग मुक्त पालिका घोषणा गर्ने लक्ष्य अनुसार आवश्यक गतिवीधी सूरु गरिएको पालिकाले जनाएको छ।

यस अघि २०७९ सालमा उक्त नगरपालिका बालविवाह मुक्त घोषणा भएको थियो। बालविवाह मुक्त घोषणा हुने सुरुङ्गा मधेश प्रदेश कै पहिलो पालिका हो।

# बस दुर्घटनामा तीनको मृत्यु, २२ जना घाइते

**राजविराज**/सप्तरीमा यात्रु बाहक बस दुर्घट्ना हुँदा तीन जनाको मृत्यु भएको छ भने २२ जना घाइते भएका छन्।

जिल्लाको कञ्चनरुप नगरपालिका १० बदगामास्थित पूर्वपश्चिम राजमार्गमा गत आईतबार उदयपुरबाट विराटनगरतर्फ जाँदै गरेको प्र. १-०१-००१ ख. ३४२० नं. को यात्रुबाहक बस दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको भएको हो।

बस आफै अनियन्त्रित भई उक्त दुर्घट्ना भएको प्रहरीले जनाएको छ। बसमा सवार ३५ जना मध्ये २२ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

दुर्घट्नामा एक महिला र एक पुरुषको किचिएर घट्नास्थलमै मृत्यु भएको र सोही दुर्घटनामा गम्भीर घाइते भएका सप्तकोशी नगरपालिका वडा नम्बर १ घर भएका ७५ वर्षीय रत्नबहादुर मगरातीको विराटनगरस्थित गोल्डेन अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए।

उनका अनुसार घट्नास्थलमा उदयपुरको त्रियुगा नगरपालिका खैजनपुर बस्ने २२ बर्षीया कविता चौधरी र झापाको गौरादह २ बस्ने ३९ वर्षीय अनिल राईको घट्ना स्थलमै मृत्यु भएको हो।

बसका चालक झापा मेचीनगर नगरपालिका ७ बस्ने ४७ वर्षीय अमृत दर्जी र बसलाई इलाका प्रहरी कन्चनपुरले नियन्त्रणमा लिई अनुसन्धान थालिएको इलाका प्रहरी कर्यालय कंचनपुरका प्रहरी नायव उपरीक्षक माधव काफ्लेले जानकारी दिए।

# विषपानबाट छोराको मृत्यु, आमा सिकिस्त

**राजविराज**/घरायसी विवादका कारण सप्तरीमा एक महिलाले आफूसहित नावालक छोरालाई समेत विषपान गराएकी छिन्।

सो विष सेवनबाट उनका चार बर्षीय छोरा सौरभको उपचारको क्रममा मृत्यु भएको छ भने आमाको अवस्था गम्भिर छ।

राजविराज नगरपालिका १ चनौरा घर भएका अनिल कुमार साफीकी २५ बर्षीया श्रीमति काजल देवी साफीले नाम नखुलेको किरा मार्ने विषादी आफू समेत छोरालाई पनि खुवाएको प्रहरीले जनाएको छ।

विष खुवाउँदा सिकिस्त भएका उनका चार बर्षीय छोरालाई उपचारका लागि स्थानिय गजेन्द्रनारायण सिंह अस्पताल पुऱ्याइएको थियो। त्यहा उपचार सम्भव नभएपछि थप उपचारका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान हुँदै विराटनगरस्थित नोवेल अस्पताल पुऱ्याईको र उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कर्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतले जानकारी दिए।

विष सेवनबाट आमा काजल पनि अति सिकिस्त अवस्थामा रहेको र उनको उपचार नोवेल अस्पताल विराटनगरमा भईरहेको प्रहरीले जनाएको छ।

# दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

**राजविराज**/रोकिराखेको टिपरमा ठोकिदा एक मोटरसाईकल चालकको मृत्यु भएको छ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत सुरुङ्गा नगरपालिका ५ कुशहा खण्डमा रोकिराखेको प्र.२-०१-००१क.००४५ नम्बरको टिपरमा विहीवार राती बा.६७प.९५७६ नम्बरको मोटरसाईकल ठोकिएर मोटरसाईकल चालक सुरुङ्गा नगरपालिका ५ का ४० वर्षिय धनिलाल चौधरीको मृत्यु भएको हो।

सो दुर्घटनामा गम्भीर घाइते भएका उनलाई तत्काले उपचारका लागी सिरहाको लहानस्थित प्रादेशिक अस्पताल पुऱ्याइएकोमा उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए।

तीब्र गतीमा रहेको मोटरसाईकल माथी नियन्त्रण गुमाउदा रोखिराखेको टिपरमा ठोकिन गई उक्त दुर्घटना भएको प्रहरीको प्रारम्भीक अनुसन्धानले देखाएको छ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

## अन्तर्राष्ट्रिय समाचार

# थाइल्यान्डमा एक सशस्त्र आक्रमणकारीले गोली चलाउँदा तीन जनाको हत्या

**बैङ्कक**/दक्षिणी थाइल्यान्डमा विद्रोहीबाट प्रभावित एक बन्दुकधारीले एक बालकसहित तीन जनाको हत्या गरेको अधिकारीहरूले शनिबार बताएका छन्।

अधिकारीका अनुसार लामो विद्रोहबाट प्रभावित थाइल्यान्डको नरथिवाट प्रान्तको टाक बाई जिल्लाको आवासीय क्षेत्रमा शुक्रवार राति आक्रमणकारीले गोली चलाउँदा नौ वर्षीया बालिका र एक जना वृद्धासहित तीन जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

"एकजना पीडितको घटनास्थलमै मृत्यु भएको र अन्य दुईको जना अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरी अधिकारी वाताना थुरारतलेलाई उद्दृत गर्दै एएफपीले जनाएको छ। उहाँले आक्रमणकारी विद्रोही समूहसँग सम्बन्धित रहेको आशङ्का प्रहरीले गरेको वाताउनाले बताउनुभयो।

थाइल्याण्डको दक्षिणका नाराथिवत, पट्टानी र याला प्रान्तमा धार्मिक पृथकतावादीहरूले सन् २००४ पछि अहिलेसम्म सात हजार भन्दा बढी मानिसको हत्या गरेको जनाएका छन् । सन् २००४ मा, थाई सुरक्षा बलले टाक बाईको प्रहरी चौकी बाहिर प्रदर्शनकारीहरूको भिडमा गोली हान्दा सात जनाको मृत्यु भएको थियो। एजेन्सी

# भारत र पाकिस्तानको सिमानामा रहेका बासिन्दाहरू फिर्ता

**भारत**/पाकिस्तानसँगको भारतीय सीमाका बासिन्दाहरूले प्रतिद्वन्द्वी सेनाहरूबिचको द्वन्द्वको आतङ्कको कारण आफ्ना परिवारलाई सीमाबाट फिर्ता पठाएका छन्।

चेनाब नदीको किनारमा बसोबास गर्नेसैन्यको कृषि बस्तीका करिब एक हजार ५०० बासिन्दालाई द्वन्द्वको डरले स्थानान्तरण गरेको जनाइएको छ।

"हामी दीर्घकालीन योजना बनाउन सक्दैनौं," गाउँ प्रमुख सुखदेव कुमारले भन्नुभयो। कठिन अवस्थाका कारण 'यहाँका अधिकांश गाउँलेहरूले आधारभूत घर बनाउनेभन्दा बढी लगानी नगर्ने उहाँले उल्लेख गर्नुभयो।

भारतले पाकिस्तानलाई कस्मिरमा सर्वसाधारणमाथिको आक्रमणलाई समर्थन गरेको आरोप लगाएपछि दुई छिमेकीहरूबिचको सम्बन्ध बिग्रिएको छ। पहलगाममा अप्रिल २२ मा भएको आक्रमणमा क्यावो बोकेको आरोपमा भारतीय प्रहरीले तीन जनाको खोजी जारी राखेको छ भने संयुक्त राष्ट्रसङ्घले उनीहरुलाई आतङ्कवादी घोषणा गरेको छ।

यता पाकिस्तानले भने २६ जनाको हत्या गर्ने सहयोग गरेको आरोपलाई इस्लामाबादले अस्वीकार गरिरहेको छ। भारतीय सेनाले शनिबार आफ्ना सैनिकहरूले पाकिस्तानी सैनिकहरूसँग कश्मीरसँगको सीमामा गोली चलाएको बताएको छ।

सन् १९४७ मा ब्रिटिस शासनबाट स्वतन्त्र भएदेखि नै कश्मीर भारत र पाकिस्तानको विवादित क्षेत्र बनेको छ। गाँउ प्रमुख कुमारले अधिकांश परिवारहरूले सुरक्षित आवासका लागि अर्को ठाउँमा घर बनाई सरेको र शिविरमा करिब एक तिहाइ मात्र मानिसहरूमा रहेको बताउनुभएको छ।

सन् १९९९ मा दुवै पक्षले आक्रमण गर्दा यो क्षेत्र नराम्ररी प्रभावित भएको जनाइएको छ। "पहलगाममा आक्रमण भए देखि बालबालिका डरैडरमा बाँचिरहेका छन् भने वार्ताका माध्यमबाट आफ्ना मतभेद समाधान गर्न नयाँ दिल्ली र इस्लामाबादमाथि अन्तर्राष्ट्रिय दबाव बढेको छ।

संयुक्त राज्य अमेरिकाले 'तनाव कम गर्न' आग्रह गरेको छ, छिमेकी चीनले 'संयम' रहन आग्रह गरेको छ, र युरोपेली सङ्घले शुक्रबार स्थिति 'चिन्ताजनक' भएको चेतावनी दिएको छ। एजेन्सी

# भारतको गोवामा मन्दिरमा भागदौड मच्चिँदा ६ जनाको मृत्यु, ५० भन्दा बढी घाइते

**नयाँदिल्ली**/भारतको तटीय राज्य गोवामा रहेको एक हिन्दू मन्दिरमा आगो बाल्नका लागि भेला भएका हजारौं मानिसलाई कुल्चिएर छ जनाको मृत्यु भएको अधिकारीहरुले शनिबार बताएका छन्। घटनामा कम्तीमा ५० जनाभन्दा बढी घाइते भएका छन्।

शुक्रबार साँझ जात्रामा भाग लिन ठूलो सङ्ख्यामा भक्तजनहरू मन्दिरतिर गइरहेका थिए। सोही समयमा पसल अगाडि बिजुलीको तारले करेन्ट लागेर केही मानिसहरू लडे। त्यसपछि त्यहाँ भागदौड मच्चिएको थियो।

गोवाका मुख्यमन्त्री प्रमोद सावन्तले एक विज्ञप्ति जारी गर्दै शिरगाओ गाउँको लैराई देवी मन्दिरमा शनिबार बिहान भएको भागदौडले आफूलाई निकै दुःखी बनाएको बताउनुभएको छ। "घाइतेमध्ये छ जनाको अस्पताल पुऱ्याउनुअघि नै मृत्यु भएको थियो," सावन्तले पत्रकारसँग भन्नुभयो।

उहाँले अस्पतालको अनुगमन गर्दै मृतक वा घाइतेका परिवारलाई सक्दो सहयोग गर्ने बताउनुभएको छ। गोवाराज्यका स्वास्थ्यमन्त्री विश्वजित रानेका अनुसार घटनामा कम्तीमा ५० जनाभन्दा बढी घाइते भएका छन्। उहाँले भन्नुभयो, "पाँच जनाको अवस्था गम्भीर र भेन्टिलेटरमा राखिएको छ भने बाँकीको विशेष आपतकालीन कक्षमा उपचार भइरहेको छ।"

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको कार्यालयले आफ्ना प्रियजन गुमाएकाप्रति समवेदना प्रकट गरेको छ। लैराई जात्रा गोवामा एक प्रमुख हिन्दू उत्सव हो र यो आगोमा पैदल हिँड्ने समारोहका रूपमा चिनिन्छ।

भारतीय धार्मिक चाडहरूमा भागदौड मच्चिँदा घातक दुर्घटनाहरू हुने गरेका छन्। यस वर्षको सुरुमा उत्तरी शहर प्रयागराजमा कुम्भ मेलामा भएको भागदौडमा कम्तीमा ३० जनाको मृत्यु भएको थियो। एजेन्सी

